आज २०२५ साल पौष ११ गते बुधवार का दिन बेलुकी ४ बजे श्री मान का.मु. प्रधान पंच गोविन्द कृष्ण श्रेष्ठ ज्यु. को सभापतित्व मा बसेको ध.न.पं. को सभा ले निम्नलिखित बमोजीम निर्णय गरीयो।

(१) सर्व प्रथम,- श्री ५ युवराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव ज्यु को २४ सौं शुभ जन्मोत्सव आगामी पौष १४ गते मनाउने र सो शुभ उपलक्ष मा पं.प्रा. पा.शा. ३ भवन उद्घाटन गरी सोहि स्कुल भवन मा शुभ जन्मोत्सव समारोह मनाउने।

(२) बाटो को दुरीत्व र नामाकरण को बारे मा सर्व सदस्य ज्यु हरु ले अध्यन गरी आगामी बोर्ड बैठक मा निर्णय ~~भयो~~। गर्ने।

✓ लक्ष्मीदेवी प्रधान को निवेदन द.नं. २११५ मिती ०२५।८। २१ गते को निवेदन मा छलफल गर्दा मिती ०२५।७।१ गते को बोर्ड बैठक को निर्णय बमोजीम गर्ने निर्णय भयो।

✓ हरी कुमार समेत जवान ५२ जना को निवेदन द.नं. १८६८ मिती ०२५।८।४ गते को निवेदन मा छलफल गर्दा ललीत प्रकाश शाक्य को निवेदन मा सरजिमिन भै छाप्रा (क) श्रेणी मा दर्ता भएता पनी स्थानिय जनता ले गल्ली को आवश्यक हल्याई माँग गरेको ले वार्ड सदस्य ज्यु को रोहबर मा पुनः सरजिमिन भै आएपछी बोर्ड मा पेश गरी निर्णय गर्ने निर्णय भयो।

[signature]

श्री ५ को सरकार निर्माण संचार तथा यातायात मन्त्रालय सार्वजनिक निर्माण विभाग (आर्थिक प्रशासन सडक शाखा) को प. सं. आ. प्र. च. नं. ४२६/३ मिती ०२५।७।४ गते को पत्र मा धरान वाटो निर्माण कार्य को लागी रू. ५०,०००।- पचाँस हजार रूपैयाँ नेपाल राष्ट्र बैंक वाट पाउने पत्र प्राप्त भै छलफल गर्दा सो रूपैया पठाई दिनु भएकोमा धन्यवाद ज्ञापन गर्ने र अरू थप रकम यथा शिघ्र पठाई दिन हुन अनुरोध गर्ने र उक्त रुपैया नेपाल बैंक ली. धरान मा पिच वाटो निर्माण को नाम मा खाता खोल्ने। धरान नगर पंचायत क्षेत्र भित्र को वाटो पिच गर्न ~~महामहिम~~ भारतिय राजदुतावास र श्री ५ को सरकार संग अनुरोध गर्ने निर्णय भयो।

ध. न. पं. अन्तरगत ११. कर चौकी वुद्ध मार्ग को लागी एकजना वडिदार अस्थाई थप दरबन्दी कायम गरी नियुक्ती गर्ने निर्णय भयो। ११. कर चौकीमा विहान देखी राती १२ बजे सम्म ड्युटी गराउने।

कोशी अंचलाधीश कार्यालय (पंचायत शाखा) को प. सं. ४१६।०२५।२६ मिती ०२५।८।२५।२ गते को पत्र मा ख. रु. (खरदार) यज्ञ सुवेदी को प्रमोशन वारेको टिप्पणी अंचलाधीश ज्यू वाट स्वीकृत भै आएकोले मिती ०२५।७।१२ गते देखी तलव खान पाउने गरी ख. रु. यज्ञ सुवेदी लाई ए. ना. सु. सरह को दरबन्दी कायम गरीयो।

हाल ध. न. पं. कार्यालय मा कार्य गरी रहनु भएका प्रधान अधिकृत श्री इन्द्रमान सिंह श्री ५ को सरकार वाट नियुक्ती भै श्री ५ को सरकार वाट तलव भत्ता खाई रहनु भएको हुँदा ध. न. पं. कोष वाट नीजी घर खर्च निम्ती बोर्ड को स्वीकृती वेगर तलव वापत पेश्की भनी लीन दिन नहुने हुँदा नीजले लीएको पेश्की यो पत्र पाएको ७ सात दिन भित्र ध. न. पं. कोष मा दाखिल गर्नी सुचना दिने र अन्य खर्च को निम्ती लीएको पेश्की को हिसाव फाँटवारी र बाँकी रहेको रूपैया समेत पनी ७ सात दिनभित्र दाखिल गराउने रूपैया दाखिल नगरे मा कानुन वमोजीम असुल उपर गर्ने निर्णय भयो।

खेलकुद मैदान व्यवस्था सामिती का साचिव श्री मान सदस्य सुर्य प्रसाद उपाध्याय ज्यु को ०२५।९।११ गते को निवेदन मा छलफल गर्दा साचिव ज्यु को अपार्ई गरी रूपैया लीएको

मितीले ४ चार महिना पछी सट्टा भर्ना लिने गरी रु. २५००।- दुई हजार पाँच सय रूपैया खेलकुद मैदान व्यवस्था समिती धरान लाई सापटी दिने निर्णय भयो।

✓ न.पं. कार्यालय को रेखदेख को निमित्त एक जना चौकिदारी आवश्यक भएकोले उक्त चौकीदारी पद मा श्री मती नन्द कुमारी श्रेष्ठ को निवेदन परेकोले निज ~~को~~ पिअन सरह को तलब खान पाउने गरी ०२५।६।१२ गते देखी नियुक्ती गर्ने निर्णय भयो।

✓ पं. पा. प्रा. नि. ७१९ को निर्माण को निम्ति न.पं. कोष बाट प्रधान अधिकृत श्री इन्द्र मान सिंह बस्नेत तथा व. डिल्लीराम गीरी समेत को नाम मा पटक पटक गरी निकाशा भएको रकम तथा उक्त स्कूल भवन को निम्ति संग्रह गरीएका निर्माण सामाग्री हरु समेत को हिनामिना भएको आशंका विगत बैठक मा पेश भै छलफल हुदाँ का. मु. प्रधान पंच श्री गोविन्द कृष्ण श्रेष्ठ ज्यु को अध्यक्षतामा जाँच कमिसन गठन भएको मा सो कमिसन ले इन्जिनियर समेत साथ मा लीई उक्त निर्माण भै रहेको स्कूल भवन को समेत निरीक्षण समेत गरी हर हिसाव जाँच बुझ गर्दा रूपैयाँ र सामान हरु समेत हिनामिना भएको कुरा पुष्टी गरी प्रतिवेदन आज को बैठक मा पेश भई भै छलफल हुदाँ तपसिल का व्यक्ति हरु लाई देहाय बमोजीम को कार्वाहि गर्ने भन्ने प्रस्ताव सर्व सम्मति बाट निर्णय भयो।

(क) हिसाव हिनामिना गरे तर्फ को कडा कार्वाहि गर्न श्री मान कोशी अंचलाधीश ज्यु समक्ष अनुरोध गर्ने गरी पठाउने।

(ख) माथी उल्लेख भए बमोजीम को कार्वाहि को अन्तिम निर्णय नभए सम्म लाई न.पं. ऐन २०१९ को दफा ३४ को उप दफा २ बमोजीम व. डिल्लीराम गीरी लाई तुरुन्त सस्पेण्ड गर्ने र प्र. अ. श्री इन्द्र मान सिंह बस्नेत को हकमा निजलाई सस्पेण्ड गरी स्वीकृत को निम्ति श्री मान अंचलाधीश ज्यु समक्ष अनुरोध गरी पठाउने। न. पं. को दैनिक कार्य संचालन को निम्ति प्रधान अधिकृत को काम कार्वाहि गर्न अर्को व्यक्ति तुरुन्त खटाई दिनु हुन पनी कोशी अंचलाधीश ज्यु मा अनुरोध गर्ने।

(ग) अन्तिम निर्णय नभए सम्म निर्माण कार्य यथा स्थीति मा रोक्का राखी सबै सामान हरू सुरक्षित राख्ने।

आज को बैठक राती ८ बजे स्थगीत गरीयो।

[illegible]

गणेशमान [illegible]

[illegible]

रामबहादुर

[illegible]

सभा संख्या - ९ ४६ मिती - ०२५।९।२२
सभा संख्या - १ समय - बेलुकी

श्री मान सदस्य ज्यू हरु को उपस्थीती

श्री मान का० मु० प्रधान पंच गोविन्द कृष्ण श्रेष्ठ - [signature]
श्री मान सदस्य गणेश मान श्रेष्ठ - x
श्री मान " राम वहादुर ताम्रकार - [signature]
श्री मान " विष्णु कुमार हमाल [signature]
श्री मान " मान वहादुर राई [signature]
श्री मान " शंकर प्रसाद आचार्य x
श्री मान " सुर्य प्रसाद उपाध्याय [signature]
श्री मान " भगवान थापा [signature]
श्री मान " श्री वहादुर सुब्बा [signature]

आज ०२५ साल पौष २९ गते सोमवार का दिन बेलुकी ४ वजे श्री मान ~~प्र०~~ का० मु० प्रधान पंच गोविन्द कृष्ण श्रेष्ठ ज्यू को सभापतीत्व मा वसेको ध० न० पं० को सभा ले निम्न लेखिए वमोजीम निर्णय गरीयो।

यहि ०२५ साल पौष २७ गते श्री ५ वडा महाराजाधिराज पृथ्वी नारायण शाह को सौं शुभ जन्मोत्सव ~~को~~ मनाउने वारे छलफल गर्दा वार्गीया संगठन, शिक्षण संस्था र नगर का गन्यमान्य व्यक्ति हरु लाई आमंत्रण गरी धरान ~~नगर पं०~~ ~~कार्यालय मा नै~~ वा० उ० प० हाई स्कुल मा मनाउने निर्णय भयो।

ध० न० पं० को पाठशाला नं० ८ सार्ने सम्बन्ध मा छलफल गर्दा उपयुक्त र पारक पर्ने घर खोजी सार्ने निर्णय भयो।

श्री गृह पंचायत मंत्रालय को च० नं० ९४८ मिती को पत्र वारे छलफल गर्दा धरान नगर पंचायत ले न० पं० नियम वमोजीम वजेट अन्तरगत कर लीने गरेको हुनाले साबुन उद्योग मा स्थानिय कर लगायो भन्ने मा धरान नगर पञ्चायत ले स्थानिय व्यापारी र उद्योग पती समेत को सल्लाह ले नगर पंचायत कर सम्बन्धी पुरक वजेट तयार गर्न निम्नलिखित व्यक्ति को कमीटी को गठन गरीएको छ।

श्री मान का० मु० प्रधान पंच गोविन्द कृष्ण श्रेष्ठ — अध्यक्ष
श्री मान सदस्य — सुर्य प्रसाद उपाध्याय - सदस्य
श्री मान " — श्री वहादुर सुब्बा — "

ध. न. पं. एरीया भित्र को विभिन्न सडक हरू को नामाकर
ण वारे छलफल गर्दा आगामी वैठक मा पेश गर्ने निर्णय भयो।

धरान वार्ड नं. ४ रवीलाल पौडेल, वम वहादुर डिङ्गा, गणेश प्रसाद श्रेष्ठ समेत को जग्गा वाला भै वार्ड नं. १ जाने वाटो खोल्ने वारे छलफल गर्दा एवं कमिटी ले रविलाल पौडेल लाई लगभग २ देखी ४ फुट सम्म घर धुरी काटी वाटो लाई जग्गा छाडी दिने मंजुरी गरेकाले त्यस वापत एवं कमिटी ले क्षतिपूर्ति दिने निर्णय गरेको रू. ४,०००।- चार हजार रूपैया क्षती पूर्ति स्वरुप दिने निर्णय भयो। अरू गणेश प्रसाद, वम वहादुर समेत का हकमा क्षतिपूर्ति नली ऐले भै रहेको वाटो मा लगभग २ फुट अरू जग्गा छाडी जम्मा १२ देखी १५' सम्म को वाटो छाड्ने नीज हरू को मंजुरीनामा को कागज प्राप्त भएकाले ध. न. पं. ले खर्च व्यहोरी वाटो खोल्ने निर्णय भयो।

श्री कोशी अंचलाधीश कार्यालय (पं. शाखा) विराटनगर को च. नं. ५०२ मिति ०२५।३।११ को पत्र अनुसार आर्थिक वर्ष ०२३।२४ को म. ले. प. द्वारा देखाईएको पेश्की वेरूजु फर्स्यौट गर्ने वारे मा छलफल गर्दा नियम वमोजीम गर्ने निर्णय भयो।

श्री कोशी अंचलाधीश कार्यालय को प. सं. ५।१०१६ (४०३७) ०२५।०२६ मिति ०२५ पौष १८ गते को पत्र वारे छलफल गर्दा सावीक मा मुखिया सरह को इनेस्पेक्टर मा पदम वहादुर ले काम गरी आउनु भएको मा यस ध. न. पं. को ०२५।२६ आर्थिक वर्ष को वजेट मा इन्स्पेक्टर मुखिया सरह को दरबन्दी नराखि खरदार सरह को इनेस्पेक्टर को दरबन्दी कायम गरीएको ले निजलाई हटाईएको मा हाल सम्म खरदार सरह को इनेस्पेक्टर को दरवन्दी स्वीकृत भै नआएको र कर्मचारी वेगर काममा समेत वाधा परीरहेको हुनाले अब हाजीर भएका मिती देखी तलव खान पाउने गरी नीजलाई सोहि मुखिया सरह को इनेस्पेक्टर पदमा धर्मौती गर्ने निर्णय भयो।

पाठशाला नं. ४।२ निर्माण गर्ने वारे मा छलफल गर्दा इन्जीनियर को स्टमेट गराई स्टमेट वमोजीम खर्च गरी अमानत वाट निर्माण गर्ने निर्णय भयो।

र. यज्ञ सुवेदी को मिती ०२२।७।१८ को टिप्पणी मा प्र. अ. ले राय व्यक्त गरी का. मु. प्रधान पंच ज्यू द्वारा पेश हुन आएको श्री मती नन्द कुमारी को पिउन पद को दरबन्दी वारे छलफल गर्दा शिक्षा संचालन तर्फ को वजेट वाट पिउन सरह को रु. ६०/- सत्तरी तलव खाउने निर्णय भयो।

५ नं. वडा सदस्य ज्यू श्री विष्णु कुमार दमाल र श्री भगवान थापा ज्यू को ५ नं. वडा मा भएको पानी को कठिनाई वारे मा छलफल गर्दा वि. डी. आर. डी. बाट प्राविधिज्ञ झि-काई आवश्यक प्रबन्ध गर्ने निर्णय भयो।

आगामी पौष ३० गते श्री माननिय प्रधान मन्त्री ज्यू को धरान मा शुभ आगमन हुने भएको विशेष सूत्र वाट थाहा भएको ले वहाँ को स्वागत को निमित्त श्री मान अंचलाधीश ज्यू सँग सम्पर्क राखी प्र. पं. ज्यू ले लाग्ने आवश्यक खर्च गरी कार्यक्रम मिलाउने निर्णय भयो।

आज को बैठक राती ८ बजे स्थगीत गरीयो।

[signatures] २०२२।९।२२

सभा संख्या – १०
बैठक संख्या – १



मिती- ०२५।१०।२९
समय – वेलुकी ४ वजे

श्री मान सदस्य ज्यु हरूको उपस्थीती

| | | |
|---|---|---|
| श्री मान का.मु. प्रधान पंच | गोविन्द कृष्ण श्रेष्ठ | गोविन्द कृष्ण श्रेष्ठ |
| श्री मान सदस्य | गणेशमान श्रेष्ठ | गणेशमान |
| श्री मान ,, | राम वहादुर ताम्रकार | रामबहादुर ताम्रकार |
| श्री मान ,, | विष्णु कुमार हमाल | विष्णुकुमार हमाल |
| श्री मान ,, | मान वहादुर राई | [illegible] |
| श्री मान ,, | शंकर प्रसाद आचार्य | [illegible] |
| श्री मान ,, | सुर्य प्रसाद उपाध्याय | सुर्य प्र. उपाध्याय |
| श्री मान ,, | भगवान थापा | भगवान थापा |
| श्री मान ,, | श्री वहादुर सुब्बा | × |

आज ०२५ साल माघ २९गते मंगलवार वेलुकी ४वजे श्री मान का.मु. प्रधान पंच गोविन्द कृष्ण श्रेष्ठ ज्यु को सभापतीत्व मा वसेको ध.न.पं. को वैठक ले निम्न लेखिए वमोजीम निर्णय गरीयो।

आगामी फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवश मनाउने वारे छलफल गर्दा साविक वमोजीम भव्य रूपले मनाउने निर्णय भयो।

पिच सडक को निमित्त आरुको रू. कार्य संचालन गर्ने वारे छलफल गर्दा वार्ड नं. १, २, ३ को कृष्ण मन्दीर घुमाई शाही टोल हुदै वार्ड नं. ६ को पेन्सीनर लाइन वाट भानु चोक को पिच सडक सम्म को सडक को नक्सा स्टमेट गराई वोर्ड मा पेश गर्ने निर्णय भयो र साथै जनता हरू संग पनि सहयोग को लागी अनुरोध गर्ने।

वाकी विषय हरू भोली विहान ८ वजे पुनः वैठक वस्ने गरी आज को वैठक स्थगीत गरीयो।

गोविन्द

विष्णुकुमार हमाल

रामबहादुर ताम्रकार

सभा संख्या - १० 8८ मिती - ०२५।११।१४
बैठक संख्या - २ समय - विहान ८ बजे

श्री मान सदस्य ज्यू हरू को उपस्थिती

श्री मान का. मु. प्रधान पंच गोविन्द कृष्ण श्रेष्ठ - गोविन्दकृष्ण
श्री मान सदस्य गणेशमान श्रेष्ठ - गणेशमान
श्री मान " राम बहादुर ताम्रकार - रामबहादुर ताम्रकार
श्री मान " विष्णु कुमार हमाल - विष्णु कुमार हमाल
श्री मान " मान बहादुर राई - मान बहादुर
श्री मान " शंकर प्रसाद आचार्य - ×
श्री मान " सुर्य प्रसाद उपाध्याय - सुर्य प्रसाद उ.
श्री मान " भगवान थापा - भगवान थापा
श्री मान " श्री बहादुर ~~थापा~~ सुब्बा - ×

आज ०२५ साल फागुण ११ गते विहान ८ बजे श्री मान का. मु. प्रधान पंच गोविन्द कृष्ण श्रेष्ठ ज्यू को सभा पतीत्व मा बसेको ध. न. पं. को बैठक ले निम्न लेखिए बमोजीम निर्णय गरीयो।

फुर्श्चे बजार का श्री राम साहु श्रेष्ठ ज्यू को पानीबारे को निवेदन बारे छलफल गर्दा ध. न. पं. ले ½" इन्च को पाइपबाट धारा २ दुई दिई आएको मा, अरु नपुग जग्गा २३×३० स्टोर को निमित्त थप बीऽ पर्ने भएको ले उक्त थप जग्गा को निमित्त ~~अब ½" को पाइप बाट~~ आधी को ¾ इन्च को धारा २ दुई कायम रहे को ले धारा २ दुई धरान रहीया बाट भा पानी को अभाव हुन नपाउने गरी दिने निर्णय भयो।

नयाँ पानी योजना कार्य हुदाँ खेत को मरो भोकि एका ले क्षतीपूर्ति पाउँ भन्ने श्री गोविन्द प्यारा श्रेष्ठ को निवेदन मा छलफल गर्दा प्र. पंच ज्यू ले जांची क्षतीपूर्ति दिने निर्णय भयो।

पाठशाला नं. १० को कोठा थप गर्ने बारे को शिक्षा विभाग को निवेदन मा छलफल गर्दा स्टमेट गराई कोठा थप गर्ने निर्णय भयो।

वार्ड नं. ३ र ६ को शौचालय बारे छलफल गर्दा स्टमेट गरी सेफ्टी टंकी बनाई मर्मत गर्ने निर्णय भयो।

छाता चौक को सडक मा सब्जी, तरकारी इत्यादी को पसल रहदा मोटर को दुर्घटना को सम्भव हुने हुदाँ सो ठाउवाट हटाई हाल धरान असपताल अगाडी को खाली पग्गा मा राख्न लगाउने निर्णय भयो।

शिक्षा कर सम्वन्धमा छलफल गर्दा वजेट कमिटी को रिपोर्ट वमोजीम संशोधन गरीएको छ। उक्त संशोधन यहि फागुन ८ गते देखी लागु गर्ने निर्णय भयो।

डि. एस. पी. श्री तुलाराम ज्यु को निवेदन मा छलफल गर्दा मन्दीर निर्माण को निमित्त ध. न. पं. वाट रु. १० वाट सरकुवा को १ गाडी दिने निर्णय भयो।

भानु चौक को गणेश मन्दीर को वरण्डा नक्सा वमोजीम वनाउन दिने निर्णय भयो।

विजयपुर छोटी हुलाक ले पिजन होल को निमित्त सहायता पाउनु पर्ने पत्र मा छलफल गर्दा उक्त हुलाक मा एउटा पिजन होल ध. न. पं. द्वारा निर्माण गरी दिने निर्णय भयो।

का. मु. प्रधान पंच श्री गोविन्द कृष्ण श्रेष्ठ ज्यु ले आफ्नु स्वास्थ उपचार को निमित्त १५।२० दिन सम्म आफ्नो कार्य संचालन गर्न असमर्थ हुने हुदाँले वहाँ ले कार्यभार न सम्हाले सम्म लाई ~~वहाँ को अनुपस्थीत कालमा सम्म~~ ध. न. पं. का सदस्य श्री मान सुर्य प्रसाद उपाध्याय ज्यु ले का. मु. प्रधान पंच ज्यु को कार्य कार्यवाहक सभापती नै ०२५।११।२ देखी कार्य संचालन गर्ने गरी सर्व सम्मती वाट पास भयो र ध. न. पं. तथा वैंक का खाता समेत श्री सुर्य प्रसाद उपाध्याय ज्यु ले नै सो काल सम्म संचालन गर्ने निर्णय भयो।

गणेशमान

सभा संख्या – ११ मिती – ०२५।१२।३ मा
बैठक संख्या – १ बेलुकी ४ बजे

श्री मान सदस्य ज्यू हरु को उपस्थीती

श्री मान कार्यवाहक सभापती सूर्य प्रसाद उपाध्याय – [signature]
श्री मान उप. प्र. पंच गोविन्द कृष्ण श्रेष्ठ – [signature]
श्री मान सदस्य गणेशमान श्रेष्ठ – गणेशमान
श्री मान " राम बहादुर ताम्रकार – [signature]
श्री मान " विष्णु कुमार हमाल – [signature]
श्री मान " मान बहादुर राई – [signature]
श्री मान " शंकर प्रसाद आचार्य ×
श्री मान " भगवान थापा ×
श्री मान " श्री बहादुर पुवा – [signature]

आज ०२५ साल चैत्र ३ गते आइतवार बेलुकी ४ बजे श्री मान कार्यवाहक सभापती सुर्य प्रसाद उपाध्याय ज्यू को सभापतीत्व मा बसेको ध.न.पं. को बैठक ले निम्नलेखिए बमोजीम गरीयो।

१. आगामी चैत्र १८ गते नेपालगञ्ज मा हुने पंचायत प्रशिक्षण सेमीनार मा भागलीन सदस्य ज्यू हरु लाई पठाउने बारे मा छलफल गर्दा निम्न लेखिए बमोजीम गर्ने निर्णय भयो।
(क) उक्त सेमीनार चुनाव सम्भवत व्यर्थ समय मा पर्ने हुनाले समय सारीयोस भनी श्री ५ को सरकार समक्ष अनुरोध गरी पठाउने।
(ख) सो सेमीनार मा भागलीन को निमित्त निम्नलिखित सदस्य ज्यू हरु आवश्यक पेश्की दिइ अनुरोध गरी पठाउने निर्णय भयो।
(१) श्री मान का. वा. सभापती सुर्य प्रसाद उपाध्याय
(२) श्री मान उप. प्र. पं. गोविन्द कृष्ण श्रेष्ठ
(३) श्री मान सदस्य शंकर प्रसाद आचार्य

२. परीवार नियोजन बारे छलफल गर्दा खटीआउने टोली लाई यथा सक्दो यस ध. न. पं. द्वारा आवश्यक देखी बढीमा रु. १०००।- एकहजार सम्म खर्च लगाई सहयोग गर्ने निर्णय भयो।

३. औद्योगीक क्षेत्रको बारेमा छलफल गर्दा अविलम्ब कार्य सुरु नभएमा निकाशा भएको रकम ल्यापस हुन जाने हुदा अविलम्ब कार्य सुरु होस भनी सम्बन्धीत विभाग लाई आ. वा. बाट अनुरोध गरी पठाउने

५७

निर्णय भयो। साथै पिउने पानी सम्बन्धमा का.वा. सभापती ज्यूले वृटिश सहायता बारेमा लेखी पठाउनु भएकोमा ~~सर्व~~ सम्मती बाट समर्थन गरीयो। औद्योगीक क्षेत्र को निमित्त सम्वन्धित विभाग बाट अविलम्ब सन्तोषजनक जवाफ नआएमा धरानबाट प्र.पं. ज्यूले छानी प्रतिनीधी पठाउने निर्णय भयो।

४. घर नक्सा पास गर्ने सम्बन्धमा ~~अघ~~ अगाडी को कमीटी लाई विघटन गरी देहायका सदस्य ज्यु हरु को एक कमीटी गठन गरीएको छ।

(१) श्री मान उप प्र. पंच गोविन्द कृष्ण श्रेष्ठ — अध्यक्ष
(२) श्री मान सदस्य श्री बहादुर सुब्बा — सदस्य
(३) श्री मान " विष्णु कुमार इमान — "

५. कोशी तथा मेची अंचल को उच्चस्तरीय बोर्ड बाट आएको जगनाथ श्रेष्ठ र भोलामान को नक्सापास बारेको मुद्धा बारे छलफल गर्दा उक्त मुद्धा आजै गठीत भएको घरनक्सा कमीटी लेई हेरी निरोवण गर्ने अधीकार सुम्पीएको छ।

६. विभिन्न खर्च को रकमान्तर बारेमा छलफल गर्दा चन्दा पुरस्कार बजेट नपुग भै श्रीमान का.वा. सभापती ज्यु ले रु. ३०००/- तिनहजार रकमान्तर गर्नु भएको स्वीकृत गरीएको छ। साथै बजेट का शिर्षक हरुमा छुट्याइएको रकम बाट कुनै शिर्षक मा नपुग भए प्रधान पंच ज्यु ले हेरी जुनसुकै शिर्षक बाट पनी नियम बमोजीम रकमान्तर गरी खर्च गर्ने अधीकार दिइएको छ।

७. वार्ड नं. ९ घोपा को ४ नं. स्कूलमा खाने पानी पुर्याउने को लागी धन १८ पौ. बाट पाइप खरीद गरी १/२" को धारा एक जडान गरी दिने निर्णय भयो।

८. लकडी को वारेमा छलफल गर्दा चैत्र मसान्त देखी जर्ना ल्याउन नपाउने भन्ने भएको त्यसो हुँदा साधारण जनता को व्यवशाय मा धक्का पुग्ने र जंगल देखी धेरै माइल टाढा का धरान का बासीन्दा हरु लाई असुविधा पर्ने महशुस गरी जवसम्म डाउरा को व्यवस्था वन विभाग बाट हुन सक्दैन तव सम्म जर्ना रोक्का नहोस भनी सम्वन्धीत वन (विभाग) मन्त्रालय लाई अनुरोध गरी पठाउने निर्णय भयो।

९. धरान मा रहेको आकाश वाणी (टेलीकम्युनीकेसन अफिस) बजार देखी धेरै टाढा रहेको हुँदा सर्व साधारन जनता लाई असुविधा परेको ले वजार को नजिकै रहोस भनी सम्वन्धीत विभाग लाई अनुरोध गरी पठाउने निर्णय भयो।

सुर्य बहादुर

दैनिक सफाई कार्य को लागी फिनेल खरीद गर्न रु. ६००।- छ सय निकाशा पाउ भन्ने स्वा. स. इ. पदम बहादुर अधीकारी को निवेदन मा छलफल गर्दा आवश्यकता हेरी ध. न. पै. द्वारा खरीद गरी स्टोर फाट बाट आवश्यकता अनुसार वितरण गराउने निर्णय भयो।

ध० न० पै० द्वारा संचालीत प्राथमिक पाठशाला हरु लाई आवश्यक पर्ने फर्निचर हरु बारे छलफल गर्दा कोटेशन ली आवश्यकता अनुसार फर्निचर बनाउने अडर दिने निर्णय भयो।

खरदार पद को तलब खान पाउ भन्ने गजेन्द्र नारायण श्रेष्ठ को द. नं. ३६४९/२५ मिती ०२५।१२।१ को निवेदन मा छलफल गर्दा पुनोत्था भएको मिती देखी तलब खवाउन स्वीकृती को लागी श्री ५ को सरकार समक्ष अनुरोध गरी पठाउने।

गीद्दी र भाडा वापत दिनु पर्ने रु. ६०००।- छ हजार मध्य रु. ५,५००।- हे. जयनारायण अग्रवाल लाई प्र. पै. ज्यु ले दिने भन्ने आदेश दि भुक्तानी गएको मा सदर गरीएको छ।

निम्नलिखित चीज हरु मा निम्नलेखिए बमोजीम कर लीने गरी संसोधन गरीएको छ। निम्नलिखित चीज हरुको कर चैत्र ५ गते देखी नै लागु गरीने छ।

खाली नयाँ बोरा गोटा . . . . . . १ के — १०१
बोरा सिउने सुत्री मन . . . . . . . १ के — १।-
छिक्के खाने गुद्ध मन . . . . . . . १ के — १।-
दुध पाउडर वा कन्डेन्स मिल्क पाउन्ड . . . १ के — १०५
डि. डी. पाउडर या अन्य कियाणु मार्ने पाउडर
लीक्वीड पदार्थ पाउडर . . . . . . . १ के — १०५
तयारी धुन्ना मन . . . . . . . . १ के — १५०
फोटो का सामान बोरा पेटी या बक्सा . . . . १ के — ३।-
अगर बत्ती या अन्य धुप पेटी या बक्सा . . . १ के — १।-
सर्वत स्क्वाश :- लेमन, ओरेन्ज, अन्य
स्क्वाश नेपाल मा बनेका प्रत्येक बोतल — १ के — १०३

५७

ऐ ऐ विदेशी स्कवास बोतल १के — १०५
खाली चौथाई टिन थान ——— १के —— १०२
ममफली, कोदो, बोडी, मन —— १" —— १२०
धुलो हर्दी, धुलो खोर्सानी र अन्यधुलो मसला मन-१" —— १२०
नरीवल को भाडुमन ——— १" —— १२०
अफिनदाना, साबुदाना मन ——— १" —— १२०
पाइनापल प्याकीङ्ग बोरा पेटी या बक्सा —१" —— २।-
सर्फ पाउडर, बक्स पाउडर र अन्य बक्सायबोरा-१" —— २।-
सुलेसन या अन्यकच्चा पदार्थ पाउडर १" —— १०२
रेडियो को सामान पेटी बोरा या बक्सा — १" —— ४।-
जीरा, मरीच, सुपाडी के.जी —— १" — १०५
धनीया, मेथी, ज्वानो कालो जीरा —— १" — १०२

नोट:— ०२५।०२६ को बजेट अर्न्तगत परेकोमा सोहि बमोजीम र बजेट मा नाम किटानु नभएको माल वस्तुहरु को बजेट अर्न्तगत मिल्दोजुल्दो गरी मिलाई नियम बमोजीम शिक्षा कर असुल गर्ने।

धन १८ पी० द्वारा संचालीत प्राथमिक पाठशाला नं.४ को भवन निर्माण कार्य को लागी इट्टा को कोटेशन माँग गरीएको मा प्रधान पंच ज्यु, ले न्युनतम दर मा इट्टा दिने विजय इट्टा भट्टा को कोटेशनस्वीकृत गरेकोमा सदर गरीएको छ।

[signatures]

सभा संख्या :- १२
बैठक संख्या :- १

५४

मीती :- ०२९।१।१०
समय :- बेलुकी ४बजे

श्री मान सदस्य ज्यू हरुको उपस्थिति

श्री मान कार्य वाहक ~~सभापति ज्यू~~ प्रधान पंच सूर्य प्रसाद उपाध्याय ज्यू (सही)
श्री मान सदस्य गोविन्द कृष्ण भट्टि ,, (सही)
श्री मान ,, गणेश मान भट्ट (सही)
श्री मान ,, राम ताम्राकार ज्यू (सही)
श्री मान ,, विष्णु कुमार इमाल ज्यू (सही)
श्री मान ,, मान बहादुर राई ज्यू (सही)
श्री मान ,, ईश्वर प्रसाद आचार्य ज्यू (सही)
श्री मान ,, भगवान थापा ज्यू (सही)
श्री मान ,, श्री बहादुर मुखिया ज्यू (सही)

आज २०२६ साल वैशाख १० गते मंगलबार दिनको ४बजे श्री मान कार्य वाहक ~~सभापति~~ प्रधान पंच सूर्य प्रसाद उपाध्याय ज्यू को सभापतित्वमा ध.न.पं. को बैठकले निम्न बमोजिम गरियो।

१) यस ध.न.पं. कार्यालयका उप प्रधान पंच ज्यू श्री गोविन्द कृष्ण भट्टि ज्यू आफ्नो स्वास्थ उपचारको लागी बीदा बस्नु हुने भएकोले वहाँले आफ्नो कार्य नसम्भाले सम्मलाई श्री सूर्य प्रसाद ज्यू लाई यस ध.न.पं. बोर्डको ०२५।१०।१८ को बैठकले कार्य वाहक सभापति चुनी कार्य संचालन गर्दै आउनु भएको, उप प्रधान पंच ज्यूको पदावधि हालै समाप्त भएकोले पूर्व निर्णय अनुसार कार्य वाहक सभापतिको कार्यभार सम्भाली रहनु भएका श्री सूर्य प्रसाद उपाध्याय ज्यू ले नै प्रधान पंचको नयाँ चुनाव नयाँ प्रधान पंच ले कार्य भार नसम्भाल्नु भए सम्म कार्य वाहक प्रधान पंच को हैसियत ले कार्य गर्ने गरी सर्व सम्मति बाट यो प्रस्ताव पारित भयो।

२) धरान नगर पंचायतका उप प्रधान पंच श्री गोविन्द कृष्ण भट्टि ज्यू को उप प्रधान पंचको पदावधि हाले समाप्त भएको र वहाँ यस अघि उप प्रधान पंच तथा का.मु. प्रधान पंचको पदमा समेत रहनु हुँदा नगरको विकास तथा नगर वासी जनता को हित र सुविधा को

(सही)

निम्ती गर्ने म्हक्की सेवाको निम्ती आजको सभा वक्ता प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

३) पुतली वजारको पुल को टुटफुट गर्दा नक्सा इष्टमेट गाई ७ साल दिन भित्र टेण्डर मागा गए, (गम्भीर र बलियो) निर्माण गर्ने र सायौ कलेजको पुल अमानत वाट वनेको माटो पुर्ने कार्य वाकी रहेको ले म्हक्की खर्चमा अब आवश्यक रकम खर्च गरी टेण्डर मगाई निमार्ण गर्ने निर्णय भयो। सायौ कलेजको वाटो खोल्दा वाटोमा पर्ने घर छाप्रा हरुको उचित मुआवजा प्रधान पंचहरु ले आवाश्यकता हेरी मुआवजा दीने निर्णय भयो।

४) वार्ड नं ५ र ८ जोड्ने धर्मशाला अगाडी लीला प्रसादको घर पुर्नीको वाटोको लागी सो वाटोको अगाडी पर्ने ढ्वैनमा सिमेन्टको स्ल्याप वनाउन टेण्डर मगाई वनाउने र उक्त वाटो लाई कमसेकम वढ़ा फुट कायम गर्ने निर्णय भयो।

५ं) गेष्टेडनर डुप्लीकेटरस मीसीन ४,३०० मा खरिद भै आएको उक्त रकमको भुक्तानी दिने निर्णय भयो।

६) ~~बाकी प्रस्ताव हरु स्थगित भ~~

श्री डी. केशव प्रसाद आचार्यको निवेदनमा वीचार गर्दा जनपथ पश्चीम तीरको घर ढेउमा सो टोल मा पानीको अभाव हुदा म्हक्को ले साविक वमोजीम पब्लिक हरु लाई उपयोग हुने गरी ११ आधा इन्चको पाईप ध.न.पं. वाट व्यहोर्ने गरी पब्लिक धारा एक जडान गर्ने निर्णय भयो।

वाकी प्रस्ताव हरुको लागी भोली वैशाख ५ गते दिनको ३ वजे ध.न.पं. मा पुनः वैठक वस्ने गरी स्थगित गरियो।

नारायण आचार्य

[signatures]

ज्ञानबहादुर
२८।१।१०

सुर्य...

सभा संख्या :- १२
बैठक संख्या :- २

७६

मिती :- ०२६।१।११
समय :- ३ १ बजे

श्री मान ~~उपस्थिर्भ~~ सदस्य ज्यू हरुको उपस्थिती

श्री मान कार्य वाहक प्रधान पंच सूर्य प्रसाद उपाध्याय ज्यू [signature]
श्री मान, सदस्य गोविन्द कृष्ण श्रेष्ठ ज्यू [signature]
श्री मान सदस्य गणेश मान श्रेष्ठ ज्यू [signature]
श्री मान " राम बहादुर ताम्राकार ज्यू [signature]
श्री मान " विष्णु कुमार कसाल ज्यू [signature]
श्री मान " मान बहादुर राई ज्यू [signature]
श्री मान " शंकर प्रसाद आचार्य ज्यू [signature]
श्री मान " भगवान थापा ज्यू ×
श्री मान " श्री बहादुर सुब्बा ज्यू [signature]

[signature] आज २०२६ साल वैशाख ११ गते बुध बार दिनको ३ बजे श्री मान कार्य वाहक प्रधान पंच ज्यू को सभापतित्वमा ध.न.पं.को बैठकले निम्न बमोजिम निर्णय गरियो।

१ फायर पम्प टेलर र होस, नोजल समेत खरीद गर्ने बारेमा छलफल गर्दा बी.जी.डी.क्याम्प धरान संग सम्पर्क राखी लाग्ने रकम खर्च गरी खरिद गर्ने निर्णय भयो।

✓ २ पुरुकोटे राम साहु लाई ध.न.पं.को ०२५।११।१८ गतेको बोर्डको निर्णय बमोजिम ३" पौने इन्च को धारा २६६ दीएको मा धाराको रजीष्ट्रेशन दस्तुर नलीने र मासिक कर भने लीने निर्णय भयो।

३ न.पं.का. सदस्य ज्यू. हरु लाई भ्रमण भत्ता दिने बारेमा छलफल गर्दा यस ध.न.पं.ले यस अगी दिन १ को रु १५। का दरले भ्रमण भत्ता दी आएको सो कुरा समर्थन गरी अब पनि सोहि बमोजिम दिन १को रु १५। का दरले भ्रमण भत्ता दिने निर्णय भयो।

✓ ४ हाथीसार मा पब्लिक धाराको पाइपको निकासा बारे छलफल गर्दा ~~बी कल्भर्ट~~ एस्बेस्टस ~~बमोजिम~~ ~~बजार~~ नाला ~~लाई~~ हरु ध.न.पं.बाट खरीद गरी पब्लिक धारा दीने र नापएबाट र पानीको टब एक एस्बेस्ट गाई लाग्ने रकम लगाई बनाउने निर्णय भयो।

[signature] ७६

५ खोलसा जारीको पानीको ट्यांकी मर्मत गर्ने बारेमा छलफल गर्दा त्यहाँको पानी संकलन भए अरु कोहि धारा बन्द दिन सकिने ~~[illegible] समेत [illegible]~~ र पानीको अभावको पुर्ति हुने देखिनाले १½ डेढ इन्चको पाईप समेत इष्टमेट नक्सा गराई लाग्ने खर्च लगाई निर्माण गर्ने निर्णय भयो।

६ शिक्षा सदन हाई स्कूलले लकडीको मद्दत माग गरेको बारेमा छलफल गर्दा [स्कूल भवन निर्माणको लागी इन्जीनीयरले गरेको] ~~ध.न.प. समितिको [illegible] मद्दत [illegible]~~ इष्टमेट ~~[illegible]~~ विचार गरी उचित मात्रामा मान् की.का ~~दिने निर्णय भयो~~। धरान पंचायत बाट दीने निर्णय भयो।

५ धरान पब्लिक हाई स्कूलमा मन्च सेट दिने बारेमा छलफल गर्दा नक्सा इष्टमेट गराई आगामी बोर्डमा पेश गर्ने निर्णय भयो।

८ अंग्रेजी भाषाको तालीम भत्ता बारे छलफल गर्दा पछि विचार गर्ने निर्णय भयो।

९ वार्ड नं ३ संख्ती टोलको भौडी पुर्ने बारे छलफल गर्दा वर्षाद नजीक आएकोले हाल लाई आली भत्काई ढुङ्गा, मजदुरी समेतमा आवश्यक खर्च गरी बचाउको लागी बनाउने र पानी हिसाब सम्बन्धित व्यक्ती संग खोजी गर्ने निर्णय भयो।

१० भगवती मिडिल स्कूलको कोठा भित्र जमीन छलाई गरी पाउँ भनी माग बारे मा छलफल गर्दा इष्टमेट गराई छलाई गरी दीने र खर्चको हकमा आधा ध.न.पं.ले व्यहोर्ने र आधा [illegible] बाट वहन गर्ने निर्णय भयो।

११ कुन कुन संस्था हरुलाई आर्थिक सहायता दीएको छ भनी समेत पंचायत शाखाको ०२५।६।१२ को पत्रमा छलफल गर्दा सरकार बाट स्वीकृत भएको संस्था हरुलाई र वर्गीय संगठन ~~व्यवसाइक~~ [सामाजीक] सहायक खेल कुद र व्यायाम संस्था हरु र तेस्तो नैतिक संस्था हरु लाई सहायता दीएको व्यहोरा अवगत गराई जवाफ पठाई अनुरोध गर्ने निर्णय भयो।

१२ वार्ड नं ८ वसन्त टोलमा पब्लिक धारा राख्ने सम्बन्धमा छलफल गर्दा सो ठाउँमा पब्लिक धारा राख्न उचित देखिएकोले ¾" को पाईप ४०० फुट र ½ इन्च १६० फुटको पाईप खरीद गरी दीने र वार्ड नं ६ मा ठाउँ ठाउँमा पब्लिक धारा राख्न लाई १" इन्चको पाईप [३०० तीन सय फुट] खरीद गरी [प्रदान गरी] दिने निर्णय भयो।

१३. प्रधान अधिकृत श्री इन्द्र मान सिंह डंगोल ले लीन भएको तलब पेश्की सम्बन्धमा छलफल गर्दा ०२५।१।११ मा उक्त रकम बोर्डको स्वीकृति बेगर लीन दीन नहुने हुदा ८ दिन भित्र असूल गर्ने भनि वीज लाई सूचना दीएको र विभाग बाट पनि उक्त रकम ~~[illegible]~~ दिन नमील्ने ~~[illegible]~~ भन्ने आदेश प्राप्त भए अनुसार पुनः उक्त रकम १ साउन सूचना दीएको मा तत्कालै एक मुष्ट बुझाउन सक्दीन मासिक रु २००। का दरले कट्टी गरोस भन्ने प्र.अ. श्री इन्द्र मान सिंह डंगोल को ~~[illegible]~~ निवेदन प्राप्त भएको हुदा एसमा वीचार गर्दा जमानी समेत भीकाई ऐन सवाल बमोजीम अविलम्ब असुल गर्ने भन्ने निर्णय भयो। र अन्य ~~[illegible]~~ विभिन्न पेश्की रकमको फाटवारी दाखील गराई अविलम्ब फर्छ्यौट गराउने निर्णय भयो ओभरटाइम लगाई वीजयप्रसादको बाटो मर्मत गर्न [illegible] रु ५००। पाँच सयमा नबढाई मर्मत गर्न निर्णय भयो।

आज को बैठक रात को ८ बजे समाप्त भयो।

राधेश्याम
०२६।१।११

[signatures]

सभा संख्या १३
बैठक संख्या १ ५९ मिति २०३६।३।१८
समय २ बजे

श्री मान् सदस्य ज्यु हरु को उपस्थिती

श्री मान प्रधान पंच सुर्य प्रसाद उपाध्याय ज्यु - [signature]
श्री मान उप प्रधान पंच विष्णु कुमार ह्याल - [signature]
श्री मान सदस्य गोविन्द कृष्ण श्रेष्ठ [signature]
श्री मान ,, गणेश मान श्रेष्ठ [signature]
श्री मान ,, राम बहादुर ताम्रकार - अनुपस्थिति
श्री मान ,, धीरेन्द्र बहादुर थापा [signature]
श्री मान ,, मान बहादुर राई [signature]
श्री मान ,, शंकर प्रसाद आचार्य [signature]
श्री मान ,, भक्त बहादुर थापा [signature]
श्री मान ,, माधव प्यारा श्रेष्ठ [signature]
श्री मान ,, गोविन्द मोक्तान [signature]
श्री मान ,, भगवान थापा [signature]
श्री मान ,, श्री बहादुर सुब्बा [signature]

आज ०३६ साल आषाढ १८ गते दिउसो २ बजे श्री मान प्रधान पंच ~~विष्णु कुमार ह्याल~~ सुर्य प्रसाद उपाध्याय ज्यु को सभापतीत्व मा बसेको ध. न. पं. को बैठक ले निम्नलेखिएर बमोजीम निर्णय गरीयो।

१. हाल सम्पन्न भएको धरान नगर पंचायत को निर्वाचन मा श्री धीरेन्द्र बहादुर थापा (वार्ड नं. ४) श्री गोविन्द मोक्तान (वार्ड नं. ७) (वार्ड नं. १०) श्री भक्त बहादुर थापा (वार्ड नं. ९) र श्री माधव प्यारा श्रेष्ठ ज्यु निर्वाचित हुनु भएको शुभ उपलक्षमा वहा हरु सबैलाई आज को बैठक सर्व सम्मती बाट बधाई ज्ञापन गर्दछ। तथा श्री यज्ञ प्रसाद आचार्य ज्यु पंचायत सेवा बाट अलग हुनु भएता पनि सधैं झैं भविष्यमा पनि धरान नगर को विकाश तथा गाउँली जनताको हित र कल्याणको निम्ति सदैव सहयोग मिल्दै रहने छ भन्ने आशा गर्दछ।

२. धरान इलेक्ट्रीक कम्पनी लि. को बैठकमा भाग लिन तथा पंचायत सम्बन्धी कार्य को निम्ति समेत प्रधान पंच श्री सुर्य प्रसाद उपाध्याय ज्यु केहि दिन को निम्ति काठमाडौं

जानु हुने हुँदा प्रधान पंच फर्कि नआउनु भए सम्म उप प्रधान पंच श्री विष्णु कुमार हमाल ज्यु ले का.मु. प्रधान पंच भै काम गर्नु हुने भएको ले सो अवधी सम्म बैंकमा रहेको न.पं. को खाता प्र.अ. श्री गोपाल बहादुर श्रेष्ठ र श्री विष्णु कुमार हमाल को संयुक्त हस्ताक्षर बाट समेत संचालन गर्ने निर्णय भयो ।

३. हाल सम्पन्न भएको प्रधान पंच र उप-प्रधान पंच को चुनावमा क्रमशः श्री सुर्य प्रसाद उपाध्याय र श्री विष्णु कुमार हमाल चुनिनु भएकोमा वहाँहरुलाई आज को बैठक ले बधाई ज्ञापन गर्दछ । साथै भु.पु. प्रधान पंच र उप प्रधान पंच मा रहनु भएका क्रमश श्री गोविन्द मोक्तान र श्री गोविन्द कृष्ण श्रेष्ठ ले आफ्नो कार्य कालमा गर्नु भएको सेवाको निम्ति धन्यवाद ज्ञापन गर्दछ ।

४. फायर पम्प ट्रेलर खरीद गर्ने बारे छलफल गर्दा धोपा क्याम्प बाट बिक्रि हुने रु. ४६००- चार हजार छ सय पर्ने फायर पम्प तत्काल खरीद गरी त्यसलाई सुरक्षित राख्न निमित्त आवश्यक ग्यारेज समेत स्टमेट गराई तत्काल बनाई राख्ने र अरु प्र.पं.ज्यु बाट कुराकानी भै रहेको सानो फायर पम्प पनि खरीद गर्ने निर्णय भयो र सो फायर पम्प चलाउन आवश्यक कर्मचारी लाई तालीम दिने व्यवस्था गर्ने ।

५. प्रधान अधिकृत इन्द्रमान सिंह संग यस ध.न.पं. को बाँकी पेश्की रकम सम्बन्धमा ०२६।१।११ मा बसेको बैठक बाट ७ दिन भित्र दाखिल गर्नु भनि दिएको सुचनामा मु.पं.भै. बाट बैठक को निर्णय अनुसार लेन देन नहुने रकम लेनदेन गरेको देखिएको भन्ने मिती ०२६।२।१६ मा जवाफ आएको र निजामति सेवा नियमावली बमोजीम सरुवा भएको कार्यालयमा हाजीर हुन पठाई दिनु भन्ने श्री कोशी अंचलाधीश कार्यालय (पं. शाखा) बिराटनगर को मिती ०२६।१।२६ को आदेशानुसार प्र.अ. इन्द्रमान बस्नेत संग ब यस ध.न.पं. को बाँकी रकम सम्बन्ध मा के गरी असुल उपर गर्ने हो निकाशा निमित्त मु.पं.मं

मा अनुरोध गरी पठाउने निर्णय भयो।

६. सांस्कृतिक कार्यक्रम मा जान आ. स. पाउं मन्ने सम्बन्धमा :—

सांस्कृतिक कार्यक्रम मा जान आर्थिक सहायता पाउं मन्ने युग प्रदेशक क्लब एवं वाचनालय का मिती ०२६।३। २२ का निवेदन अनुसार उक्त सांस्कृतिक कार्यक्रम लाई कोशी मेची र सगरमाथा अन्चलमा जान रू. ३००। तिनसय युग प्रदेशक क्लब लाई आ. स. दिने र खेलकुद परिषद धरान को मिती ०२६।३।१५ को आ. स. पाउं मन्ने निवेदन मा छलफल गर्दा स्व. श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव को ६४ औं जन्म जयन्ती को उपलक्ष मा फुटबल म्याच को निमित्त खेलकुद परिषद धरान लाई दोश्रो परक हुने फुटबल म्याच लाई रू. २००। दुईसय आ. स. दिने निर्णय भयो।

७. घर भाडा पाउं मन्ने सम्बन्धमा — प्रधान अधिकृत गोपाल बहादुर श्रेष्ठ को घर भाडा पाउं मन्ने मिती ०२६।३।१८ को निवेदन मा छलफल गर्दा आगामी ०२६।२७ साल को आर्थिक साल को बजेट मा ~~समावेश~~ विचार गर्ने निर्णय भयो।

बाकी विषय हरू यहि आषाड २० गते बेलुकी ४ बजे बस्ने गरी आज को बैठक स्थगीत गरीयो।

प्र. अधिकृत

द्रष्टव्य,

वार्ड नं. ७,१० को चुनाव मिति २६।२।२६ मा।

वार्ड नं ४,९ को चुनाव मिति २६।३।८ मा

प्र. पं. ३५ प्र. पं. को चुनाव मिति २६।३।१२ मा

१ को सपथ ग्रहण मिति २६।३।१६ मा

गोपाल बहादुर

बैठक संख्या - २ ६२ मिती - ०२६।३।२०गा
सभा संख्या - १३ समय - बेलुकी ४ बजे

श्री मान सदस्य ज्यु हरु को उपस्थीती

श्री मान प्रधान पंच सुर्य प्रसाद उपाध्याय - काजमा
श्री मान का.मु. प्रधान पंच विष्णु कुमार हमाल - विष्णुकुमार हमाल
श्री मान सदस्य - गोविन्द कृष्ण श्रेष्ठ [signature]
श्री मान " गणेशमान श्रेष्ठ गणेशमान
श्री मान " राम वहादुर ताम्रकार - रामबहादुर ताम्रकार
श्री मान " धीरेन्द्र वहादुर थापा - अनुपस्थित
श्री मान " मान वहादुर राई - ~~अनुपस्थित~~ बिदा
श्री मान " गोविन्द मोक्तान गोविन्द मोक्तान
श्री मान " शंकर प्रसाद आचार्य [signature]
श्री मान " भक्त वहादुर थापा - अनुपस्थित
श्री मान " माधव प्यारी श्रेष्ठ [signature]
श्री मान " भगवान थापा [signature]
श्री मान " श्री वहादुर सुब्बा [signature]

आज २०२६ साल आषाढ २० गते वेलुकी ४ बजे श्री मान कामु. प्रधान पंच विष्णु कुमार हमाल ज्यु को सभापतित्व मा बसेको ध.न.पं. को बैठक ले निम्न लेखिए बमोजिम निर्णय गर्दछ।

विशेष-प्रस्ताव

केहि दिन आघि दि राईजिङ् नेपाल लाई, नेपाल को सार्वभौमिकता, अखण्डता तथा राष्ट्रियता लाई भारत द्वारा सिमित पार्ने खालको प्रयास हरु वारे माननिय प्रधान मन्त्री श्री किर्तिनिधी विष्ट ज्यु द्वारा जुन स्पष्ट दृढ र उचित जवाफ दिनु भएको छ, धरान नगर पंचायत समग्र नगर वासी को तर्फ बाट हार्दिक सराहना र स्वागत गर्दछ।

७/११ स्कूल निर्माण कार्य को हिसाब हिनामिना भै कोशी अंचलाधीश कार्यालय मा पेश भै रहेको मुद्दा हाल सम्म पनि निर्णय भै नआएको हुदां निर्माण कार्यमा ~~पुरी सुरु~~ भन वाधा परी रहेको र निर्माण कार्य पुनः सन्चालन गर्नु पर्ने भएको हुदा तहां बाट निर्णय भै आई नसकेको हुदां कतिपय बिलहरु

को मुख्याली बिनु छिनु पर्ने कार्य मा बाधा तथा क्रय विक्रय समेत भै रहेको हुदा यदि ०२५/२६ आर्थिक बर्ष भित्र निर्णय गरी पठाइ दिन हुन को० अं० कार्यालय मा अनुरोध गरी पठाउने निर्णय भयो।

वार्ड नं. ८ को नारायणी बजार को हर्कशेर राई को घर नाइन मा बर्षा को भल ले गर्दा हुने खाल्डो पार्दै सो नाइनलाई बीगारी बाटा को आवत जावत र यातायात समेत बन्द भएकोले सो नाइनमा ह्युम को सोलीङ गर्न इन्जीनियर को स्टमेट गराई अविलम्ब कार्य शुरू गर्ने निर्णय भयो। उक्त कार्य को लागी स्टमेट बमोजीम खर्च लगाई टेण्डर मगाई निर्माण गराउने।

बर्षात ले विभिन्न वार्ड हरु को ठाउ ठाउमा भल द्वारा बाटो विगारेको ले सो बाटो मरम्मत निम्ति रु. ~~१०००।(एक)~~ २०००।(दुई) हजार मा नबढाई खर्च को स्वीकृती गरी यो, सो कार्य प्रधान पंच ज्यु ले वार्ड सदस्य ज्यु हरु को राय लीकार्य गराउने निर्णय भयो।

वार्ड नं ४।५ मा रहेको पब्लिक धारा हरु मा स्वीसभल बेगर पानी को ज्यादै अभाव भएकोले मिल्ने स्थान मा एउटा ४" चार इञ्च को स्वीसभल खरीद गरी राख्ने निर्णय भयो।

वार्ड नं. २ का सदस्य श्री गणेश मान श्रेष्ठ ज्यु को मिती २०२६।३।२० द. नं. ५६६२/२६ को निवेदन मा छलफल गर्दा निम्नलिखित काममा निम्नलिखित अनुसार गर्ने।

(१) वार्ड नं. २ को चन्द्रा नाइन को ड्रेनको पानी ५ नं. वार्ड को ड्रेनमा खसाल्ने व्यवस्था बर्षात अगावै गर्ने।

पिचरोड सम्बन्धमा अगाडी को बैठक बाट वार्ड नं. १, २, ३, ६ समेत मा इञ्जीनियर को स्टमेट गराउने भन्ने निर्णय भएको र हाल पिचरोड सम्बन्धी सरकारी अनुदान पनि कम भएकोले जनता समेत बाट जो सक्दो आर्थिक सहयोग प्राप्त गर्ने र पिचरोड कार्य

आरम्भ गर्दा चत्राबहु चौक देखी वार्ड नं. ३ हुँदै शाही चोक वार्ड नं. ३ हुँदै देशी बाहिर वार्ड नं. ६ को भाकुचोक मा जोडीने गरी वार्ड नं. २ चगाबाहिर लिहे देवी हुँदै पिच कार्य सुरु गर्ने प्राथमिकता लिने र सम्बन्धी तुरुन्त इन्जीनियर खटाई स्टमेट प्राप्त गरी प्रारम्भिक कार्य आरम्भ गर्ने।

वार्ड नं. ३ को भोटी बारे स्टमेट बमोजिम जो चाहिने खर्च गरी आवश्यक व्यवस्था गर्ने।

बजेट कमिटी :– ०२६।२७ आर्थिक सालको निमित्त बजेट तयार गर्ने निमित्त निम्नलिखित सदस्य ज्यु हरुको एक बजेट कमिटी गठन गरीएकोछ।

(१) प्रधान पंच — अध्यक्ष
(२) प्रधान अधिकृत गोपाल व. श्रेष्ठ — सदस्य
(३) श्रीमान स. शंकर प्रसाद आचार्य — "
(४) श्रीमान स. माधव प्यारा श्रेष्ठ — "
(५) श्रीमान स. श्री बहादुर पुवा — "

आजको बैठक राती ९ बजे स्थगीत गरीयो।

[signatures with dates]

सभा संख्या – १४
बैठक संख्या – १



मिती – ०२६।३।३१
समय – बेलुकी ४ बजे

श्री मान सदस्य ज्यू हरुको उपस्थीती

श्री मान प्रधान पंच सुर्य प्रसाद उपाध्याय – काजमा
श्री मान उप प्र. पं. विष्णु कुमार हमाल [signature]
श्री मान सदस्य गोविन्द कृष्ण श्रेष्ठ [signature]
श्री मान „ गणेश मान श्रेष्ठ [signature]
श्री मान „ राम बहादुर ताम्रकार [signature]
श्री मान „ धीरेन्द्र बहादुर थापा → अ. उ.
श्री मान „ मान बहादुर राई → बिदा.
श्री मान „ गोविन्द मोक्तान [signature]
श्री मान „ शेकर प्रसाद आचार्य → अ. उ.
श्री मान „ भक्त बहादुर थापा [signature]
श्री मान „ माधव प्यारा श्रेष्ठ [signature]
श्री मान „ भगवान थापा – अ. उ.
श्री मान „ श्री बहादुर सुब्बा – [signature]

आज २०२६ साल आषाढ ३१ गते मंगलबार बेलुकी ४ बजे श्री मान का. मु. प्रधान पंच विष्णु कुमार हमाल ज्यू को सभापतीत्व बसेको ध. न. पै. को बैठक ले निम्नलेखिए बमोजीम निर्णय गर्दछ।

गत ०२६।३।२० को बोर्ड को बैठकमा आर्थिक बर्ष ०२६।२७ को बजेट समिती गठन भएकोमा आज को बैठक एजेण्डा मा बजेट समिती, द्वारा ०२६।२७ को मसौदा बजेट तयार भै आई नसकेको हुंदा आगामी श्रावण १५ गते भित्र मसौदा बजेट तयार गरी बजेट समिती ले ध. न. पै. बोर्ड बैठक मा पेश गर्ने र ०२६।२७ को नयाँ बजेट पास नभए सम्म को लागी गत ०२५।२६ को बजेट अनुसार ~~खर्च~~ ~~असुल~~ गर्ने। ~~र आम्दानी खर्च गर्ने निर्णय भयो~~।

जि. पं. कुसरी को च. नं. ५१५८ ~~को~~ मिति ०२६। २७।३।३ को पत्र अनुसार जि. पं. कुसरी लाई ध. न. पै. ले बुझाउनु पर्ने रकम सम्बन्धमा ध. न. पै. को ०२५।२६ को बजेट बमोजीम उल्लेख गरी अनुरोध गर्ने।

[signature]

वार्ड नं. ८ नारायणी बजार को बाटोमा कुलो को सोलिङ्ग गर्ने सम्बन्धमा मिती ०२६।३।२० का निर्णय अनुसार टेण्डर माँग गरी पर्न आएका टेण्डर हरू मध्ये सबै भन्दा कम जय कुमार छत्रबहादुर को भएको ले उक्त निर्माण कार्य को टेण्डर आगामी ०२६।२७ साल को बजेट मा समावेश गर्ने निर्णय भयो।

वार्ड नं. ९ खहरे र शिव सिनेमा को पूर्व पट्टी पब्लिक धारा १ एक राखी दिने र खुटानी टोल अगाडी पनि एउटा पब्लिक धारा राखी दिने र तत्सम्बन्धी नाला र आवश्यक सामान खरीद गरी दिने।

वार्ड नं. ९ का जनता हरू को निवेदन बमोजीम पब्लिक धारा मा टुटी राखी दैनी भत्काई नाला बनाई दिने र वार्ड नं. २ र ३ मा बन्द रहेको पानी चलाउन पानी कर्मचारी को रिपोर्ट लीई आवश्यक प्रबन्ध गर्ने। रेल रोड को पब्लिक धारा चलाउन पा. इ. जय बहादुर को रिपोर्ट अनुसार १०० फिट १/२" आधा इन्च को पाइप खरीद गरी उक्त धारा संन्चालन गर्ने।

वार्ड नं ३ बाहुन टोल भौडी टोल मा पुरानो पाइप फुटी रहेको ले र जम्मा ३ तीन धारा खराब भै रहेको ले १/२" को पाइप जम्मा १०० एक सय फिट सम्म खरीद गरी दिने।

वार्ड नं. ८ निवासी क.प. आइश्वर मान को निवेदन बमोजीम स्थानिय जनता बाट संकलन भएको रु. १०१०। एकहजार दश न. पै. दाखेल गराई आवश्यक रु. ०२६।२७ को बजेट अन्तर्गत खर्च गरी धारा जडान गरी दिने।

अरू विभिन्न पेश भएका निवेदन सम्बन्ध मा आगामी बैठक मा छलफल गर्ने गरी आज को बैठक रात्री ९ बजे स्थगीत गरीयो।

[signatures]